प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी

बालाजु, काठमाण्डौ

बागमती प्रदेश

प.सं : ०८१/८२

च.नं:

## शैक्षिक शत्र २०८१/०८२ को लागि डिप्लोमा ईन इन्जिनियरिङ्ग तहका विभिन्न कार्यक्रम र प्रमाणपत्र तह स्वास्थ्य तर्फ अफ्थाल्मिक साईन्स कार्यक्रममा पुर्ण शुल्किय/सहुलियत र लक्षित कोटामा उत्तिर्ण मुख्य उम्वेद्वारलाई भर्ना हुन आउने वारेको जरुरी सुचना

प्रकाशित मिति : २०८१/०४/२१

उपरोक्त सम्वन्धमा डिप्लोमा ईन इन्जिनियरिङ्ग तह तर्फका विभिन्न कार्यक्रम र प्रमाणपत्र तह स्वास्थ्य तर्फ अफ्थाल्मिक साईन्स कार्यक्रममा पुर्ण शुल्किय/सहुलियत र लक्षित कोटामा मिति २०८१/०४/१९ गते विहान ८:०० वजे श्री वालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजीमा लिईएको प्रवेश परीक्षामा उत्तिर्ण भएका मुख्य उम्मेद्धवारहरुलाई मिति २०८१/०४/२२ गते देखि २०८१/०४/३१ गते भित्रमा तोकिएको तपशिल वमोजिमका कागजपत्र सहित कार्यालय समयभित्र शिक्षालयमा भर्ना हुन आउनको लागि यो सुचना प्रकाशित गरिएको छ । यदि तोकिएको समयमा उत्तिर्ण मुख्य उमेद्धवारहरु भर्ना हुन नआएमा वैकल्पिक उमेद्धवारलाई नियमानुसार भर्ना गरिने व्यहोरा समेत सम्वन्धित सवैमा यो सुचना मार्फत जानकारी गराईन्छ ।

तपशिल:

**प्रशिक्षार्थीले शिक्षालयमा भर्नाका समयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

(क) तोकिए बमोजिम न्यूनतम योग्यता वा सो सरहको परीक्षाकोलब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि, नेपाल बाहेक अन्य देशबाट सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले समकक्षता प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटो पेश गर्नुपर्नेछ । राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका परीक्षार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ख) सहुलियत/लक्षित तथा पूर्ण शुल्कीय कोटाको हकमा नेपाली नागरीकताको प्रमाणपत्र वा नावालिक वा जन्म दर्ताको प्रमाणपत्र तथा आफ्नो कोटाको परिचय खुल्ने प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

(ग) परीक्षार्थीले भर्ना हुंदाका बखत पाठ्यक्रमले तोके बमोजिम अध्ययन अवधिभर सैद्धान्तिक तथा प्रयोगात्मक कक्षामा उपस्थित हुने स्वघोषणा गरेको कबुलियतनामा पेश गर्नुपर्नेछ ।

(नोट: डिप्लोमा ईन इन्जिनियरिङ्ग तहका कार्यक्रमहरुमा वैकल्पिक सुचीमा उत्तिर्ण भएका उमेद्धवारहरुले कोटा नपुगेका अन्य डिप्लोमा ईन इन्जिनियरिङ्ग तहका कार्यक्रमहरुमा नियमानुसार भर्ना हुन पपाउनेछन)

..............................

ई. खुसिराम अधिकारी

का.मु शिक्षालय प्रमुख